# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कोहलपुर, बाँके
## लुम्बिनी प्रदेश, नेपाल

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

**विषयः- विज्ञापन कर सम्बन्धी शिलबन्दी दरभाउ आव्हान सम्बन्धी सूचना ।।।**

**ठेक्का नं. : BANKE/KOMUN/G/SQ-01/2079/080**

**सूचना प्रकाशन मितिः-२०७९/०४/०३**

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

यस कोहलपुर नगरपालिका बाट असुल गरी आएको विज्ञापन कर तपसिलका दर रेटमा संकलन गर्न निम्न शर्तहरुको अधिनमा रहने गरी आ.व. २०७९/०८० देखि आ.ब. २०८१/०८२ तीन वर्ष सम्मका लागि प्रतिस्पर्धाबाट अधिकतम् कबोल गर्ने फर्मलाई ठेक्कामा दिनु पर्ने भएकोले सम्बन्धित निकायमा दर्ता भएका ठेक्का लिन ईच्छुक व्यक्ती तथा फर्महरुका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**तपसिल**

१. दरभाउपत्र खरिद गर्न इच्छुक व्यवसायी, फर्म तथा कम्पनीहरुले निवेदन साथ मु.अ. कर दर्ता प्रमाण पत्र, कम्पनी दर्ता/व्यवसाय दर्ता नबिकरण प्रमाण पत्र, आ.व. २०७७/०७८ को करचुक्ता प्रमाण पत्र सहितका प्रमाण पत्रको प्रतिलिपी र नागरिकता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी मिति २०७९/०४/१८ गते मध्यान्ह १२:०० बजे भित्र तोकिएको दरभाउपत्र दस्तुर बापतको रकम रु. १,००० (एक हजार मात्र) फिर्ता नहुने गरि बुझाई यस कार्यालय बाट खरिद गर्न सकिने छ ।

   ई-बिड मार्फत दरभाउपत्र पेश गर्न इच्छुक दरभाउपत्रदाताले कृषि विकास बैंक शाखा कार्यालय कोहलपुर स्थित कोहलपुर नगरपालिकाको नाममा रहेको राजश्व खाता नं. ०७२०५०१०००२३५३६५ मा माथि उल्लेखित रकम जम्मा गरि सो को सक्कल भौचर तथा माथि उल्लेखित कागजात सहित सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत दरभाउपत्र फाराम पेश गर्न सकिने छ ।

२. तोकिएको म्याद भित्र खरिद गरिएका बोलपत्र हरु मिति २०७९/०४/१८ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा वा सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु पर्नेछ ।

३. दरभाउपत्र फाराम साथ जमानत बापत कबोल अंकको १०% ले हुन आउने रकम कृषि विकास बैंक शाखा कार्यालय कोहलपुर स्थित कोहलपुर नगरपालिकाको नाममा रहेको धरौटी खाता नं. ०७२०५०१०००२३५२१७ मा जम्मा गरेको सक्कल भौचर वा सोहि रकम बराबरको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंक वा वित्तीय संस्थाले यस कार्यालयको नाममा जारी गरेको दरभाउपत्र जमानतपत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ । दरभाउपत्र मान्य हुने अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मिति बाट ४५ दिनको हुनेछ र दरभाउपत्र जमानतको मान्य अवधि दरभाउपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढीको हुनु पर्नेछ ।

४. तोकिएको समय भित्र प्राप्त दरभाउपत्रहरु मिति २०७९/०४/१८ गते दिनको २:०० बजे कार्यालय एबं दरभाउपत्र दाताको प्रतिनिधिको रहोबरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सो दिन पछिको कार्यालय खुलेको दिन र समय लाई अन्तिम दिन/समय मानिनेछ ।

६. आ.व. २०७९/०८० का लागि सुरुको वर्षका लागि न्यूनतम ठेक्का अंक रु ५,५०,०००। (पाँच लाख पचास हजार मात्र) मु.अ. कर र अग्रिम आय कर बाहेक कायम गरिएको छ । सो ठेक्का अंकमा हरेक वर्ष १०% ले वृद्धि हुनेछ ।

७. कबोल गरिएको रकम अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकम लाई मान्यता दिईनेछ।

८. कबोल अंकमा मूल्य अभिवृद्धीकर वापत १३ % र अग्रिम आयकर वापत १.५% थप रकम किस्ता रकमका साथ बुझाउनु पर्नेछ। वा सम्बन्धित राजश्व कार्यालयमा बुझाएको निस्सा पेश गर्नुपर्नेछ।

०८१-५४०००९ वेबसाईट :- www.kohalpurmun.gov.np, E-mail:info@kohalpurmun.gov.np

९. ठेक्का बापत कबोल भई सम्झौता भएको रकमको २०% रकम कृषि विकास बैंक शाखा कार्यालय कोहलपुर स्थित कोहलपुर नगरपालिकाको नाममा रहेको राजश्व खाता नं. ०७२०५०१०००२३५३६५ मा अग्रीम तिर्न बाँकी रकम बराबरको सम्झौता अवधि भन्दा १ महिना बढीको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेछ। कबोल भएको पूरा रकम अग्रीम बुझाएमा ५% छुट दिन सकिने छ। अग्रीम नबुझाएको खण्डमा वार्षिक दामासाहीले रकम बुझाउनुपर्ने। अन्य विषय सम्झौतामा उल्लेख हुनेछन।

१०. एक किस्ता धनजमानी राख्नु पर्नेछ। अचल सम्पत्तीको धितो मान्य हुने छैन।

११. टेण्डर साथ राखेको धरौटी र धनजमानी वापत राखेको रकम ठेक्का अवधी समाप्त भएको ३५ दिन भित्र कर क्लिरियन्स प्रमाण पेश राखेपछि फिर्ता हुनेछ।

१२. किस्ता रकम कार्यआदेशमा तोकिएको मितिमा बुझाउनु पर्नेछ । तोकिएको मितिमा नबुझाएमा प्रतिदिन रु ५००। को दरले एक महिना सम्म जरिवाना लिने र एक महिना सम्म पनि जरिवाना सहिन किस्ता रकम नबुझाएमा धरौटी जफत गरी धनजमानी बाट असुल गरी ठेक्का तोडीने छ।

१३. टेन्डर स्वीकृत भएको ७ दिन भित्र किस्ता रकम बराबरको धनजमानी तथा प्रथम किस्ताको रकम बुझाए पछी मात्र ठेक्का संचालन गर्न पाउने छ। ७ दिन भित्र उपस्थित भै सम्झौता गरी पट्टापूर्जि नलिए धरौटी जफत भैजानेछ।

१४. कुनै पनि शर्त राखेको टेण्डर स्वीकृत गरिने छैन।

१५. ठेक्काको सम्झौता अवधी सम्झौता भएको मिति बाट शुरु भई २०८२ असार मसान्त सम्म कायम हुनेछ र विज्ञापन कर बापत निम्न अनुसार कर असुल उपर गर्न पाइने छ।

क) होडिङ्ग बोर्ड प्रति स्क्वायर फिट कोहलपुर चौराह देखि विद्युत रोड सम्म रु ५०/

ख) ग्लो साइन बोर्ड विद्युतिय प्रति स्क्वायर फिट रु ३५/

ग) स्क्रिन बोर्ड प्रति स्क्वायर फिट रु १५।

घ) फिल्मी ब्यानर पोष्टर प्रति स्क्वायर फिट रु १०।

ङ) गाडीमा लेखे बापत प्रति स्क्वायर फिट रु २०।

च) भित्ते लेखन प्रति स्क्वायर फिट रु ५।

छ) व्यवसायिक रुपले जीप आदिबाट माईकिङ्ग दैनिक रु २००।

ज) व्यवसायिक दृष्टिले रिक्सा टांगाबाट प्रचार प्रसार गर्दा दैनिक रु ५०।

झ) मादक पदार्थ चुरोट खैनी आदिको प्रचारमा दैनिक रु १००।

ञ) व्यावसायिक ब्यानर प्रति स्क्वायर फिट रु २५/

ट) लाईट बोर्ड प्रति वर्ग फिट रु ५००।

ठ) व्यापारिक वस्तु तथा सेवा उत्पादनको स्टल राखि प्रचार प्रसार गर्नेलाई प्रतिदिन रु १०००।

ड) टु.डि. र थ्रि.डि. डिसप्ले बोर्ड प्रति वर्ग फिट रु २५०।

ढ) डिजिटल डिसप्ले प्रति वर्ग फिट रु २००।

ण) घुम्ति प्रचार प्रसार कार्य प्रति दिन रु ५००।

त) उपरोक्त रकममा कुनै किसिमको कर दस्तुर थप गरी लिन पाईने छैन।

थ) आफ्नो पसल अगाडी पसल वा फर्मको साईन बोर्ड तथा वालपेन्ट राखेको पसल संस्था वा अन्य व्यवसाय फर्म कम्पनीहरुले आफ्नो कार्यालय पाटी (Sign board) एउटा मात्र राखेको मा विज्ञापन शुल्क लिन पाईने छैन तर १ भन्दा बढी भएमा नियमानुसार कार्यालय स्वयंले उठाउने हुँदा उठाउन पाईने छैन।

द) नगरपालिकाको आर्थिक ऐन बमोजिम तोकिएका अन्य विज्ञापन करहरु।

१६. विज्ञापनकर असुल गर्ने विषयमा विवाद पर्न आएमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ र नगरपालिकाले समय समयमा दिएको निर्देशन पालना गर्नुपर्नेछ।

१७. असुल गर्ने भरपाई रसिद नगरपालिका बाट प्रमाणित गराई करदातालाई दिनु पर्नेछ।

१८. नेपाल सरकार, प्रदेश सरकार, वैदेशिक कुटनैतिक नियोगका एजेन्सी तथा लाभको उद्देश्य नराखी संचालित संघ संस्थाको सूचना वा विज्ञापन , सिनेमा हल बाट कर लिन पाइने छैन।

१९. समय-समयमा नगर कार्यपालिकको वोर्डले छुट दिने भनी निर्णय भएका संघ संस्थाबाट कर लिन पाईने छैन।

२०. प्रचलित कानूनले निषेध गरेका विज्ञापन बाट कर लिन पाईने छैन।

२१. उपरोक्त बमोजिमको विज्ञापन कर नबुझाउने विज्ञापनवालाको साइनबोर्ड, होर्डिङ्ग बोर्ड तथा वालपेन्ट ठेक्काप्राप्त गर्नेले हटाउन वा मेटाउन सक्ने छ, तर सो कार्य गर्नु भन्दा अगावै निम्न प्रकृया पुर्याइएको हुनु पर्नेछ।

क) सम्बन्धित करदातालाई दुई पटक कम्तीमा ३ तिन दिनको लिखित सुचना दिनु पर्नेछ।

ख) तेश्रो पटक पुनः ७ दिनको समय दिई न.पा. कार्यालय समेत जानकारी दिएको हुनु पर्नेछ।

२२. ठेक्का संचालन गर्दा कुनै विवाद परेमा कोहलपुर नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

२३. होर्डिङ्गबोर्ड सूचना आदिको सुरक्षाको व्यवस्था स्वयं मिलाउनु पर्नेछ।

२४. सुचनामा उल्लेख नभएका कुराहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४ सार्बजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) , सार्बजनिक खरिद नियमावली, २०६४(संशोधन सहित) र कोहलपुर नगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७६ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछन।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत